वर्ष : २१, अंक : २८, काठमाडौं, २०८२ मंसिर १९ गते शुक्रबार, 5 December, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# सात दलले मुख्यमन्त्रीका लागि दाबी पेस गर्दै



काठमाडौं । सात दलका तर्फबाट शुक्रबार मधेश प्रदेशको मुख्यमन्त्रीमा दाबी पेस गरिने भएको छ । बिहीबार जनकपुरमा सम्पन्न सात दलको बैठक भोलि नै मुख्यमन्त्रीको टुङ्गो लगाएर दाबी पेस गर्ने जसपा नेपालका नेता मनिष सुमनले बताएका छन् ।

मधेश प्रदेशको मुख्यमन्त्रीबारे छलफल गर्न सात दलको बैठक बसेको थियो । सात दलमा नेपाली कांग्रेस, माओवादी, नेकपा (एस), जसपा नेपाल, लोसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी रहेका छन् । प्रदेश प्रमुख सुरेन्द्र लाभले सरकार गठनका आह्वान गरेपछि दलहरूको दौडधुप बढेको छ ।

यसअघि मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदबाट राजीनामा दिएका थिए । बुधबार प्रदेशसभामा मुख्यमन्त्रीले विश्वासको मत लिने प्रयोजनका लागि बोलाइएको बैठकमा बोल्दै उनले राजीनामाको घोषणा गरेका हुन् ।

सोमबार साँझ सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन परमादेश जारी गरेको थियो । सर्वोच्चको आदेश अनुसार आज बिहान प्रदेशसभा बैठक बोलाइएको थियो । तर, उक्त बैठकमा सत्तापक्षकै सांसद अनुपस्थित हुने भएपछि बैठक दिउँसो २ बजेलाई सारिएको थियो ।

विश्वासको मत नपाउने देखेपछि सोही २ बजेपछि बसेको बैठकलाई सम्बोधन गर्दै उनले पदबाट राजीनामाको घोषणा गरेका हुन् ।

उनी कात्तिक २३ गते संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री नियुक्त भएका थिए । तर उनको नियुक्ति असंवैधानिक भएको भन्दै प्रदेशकै सात दलका सांसद सर्वोच्च पुगेका थिए ।

# अन्यायपूर्ण निर्णय विरुद्ध न्याय माग्दै पीडित परिवार काठमाडौंमा

काठमाडौं । रौतहटको चन्द्रपुर नगरपालिका -८ मा भएको घर भत्काएपछि घरधनी इन्दल यादव (सुधिर)ले न्याय र क्षतिपुर्तिको माग गरेका छन् । नगरपालिकाबाट नक्सा पास गराई बनाएको घर भत्काएपछि न्याय माग्दै काठमाडौंमा पत्रकार सम्मेलन गरेका छन् ।

१ कठा १० धुर जग्गा रहेको र चन्द्रपुर नगरपालिकाबाट नक्सा पास गराई बनाएको २० कोठे घर आफ्नो अनुपस्थितिमै डोजर लगाएर भत्काइएको उनले बताए । नापी कार्यालय र जिल्ला अदालतको सरजमिन मुचुल्का अनुसार घर बनाएको तर उच्च अदालत वीरगंज इजलासले जिल्ला अदालतको निर्णय उल्टाइएपछि घर भत्काएको यादवले बताए ।

'लम्बाई, चौडाइ र नापी कार्यालयको नक्सा अनुसार नगरपालिकाले स्वीकृत गरेको नक्सा अनुसार नै मैले घर बनाएको हो । जिल्ला अदालतको सरजमिन मुचुल्का, नापी कार्यालयको नक्सा र नगरपालिकाले स्वीकृत गरेको नक्सा एउटै रहेको र सोही अनुसार घर बनाएको हो,' यादवले भने, 'तर यहाँ त केही न्यायाधीसहरु त पसल थापेर बसेका छन् । नक्साको स्वरुप नै परिवर्तन गरेर फैसला सुनाउने र मेरो उपस्थिति बिना नै घर भत्काउने जुन काम भयो । मेरो जिवनभरीको कमाई गयो । मलाई न्याय चाहियो ।'

घर भत्काउँदा करिब डेढ करोडभन्दा बढीको क्षति भएको यादवले बताए । घर, हार्डवेयरका समान लगायत क्षति भएको उनले बताए । उच्च अदालत वीरगंजले सार्वजनिक जग्गा परेको भन्दै भत्काउन भने पनि जिल्ला नापी कार्यालय, नगरपालकाको स्वीकृत नक्सा र जिल्ला अदालतको सरजमिन मुचुल्का एउटै रहेको यादवले बताए ।

'जिल्ला नापी कार्यालयको नक्साको चारकिल्ला भित्रै घर रहेको । घरको पूर्वपछि चन्द्रपुर-गौर सडक रहेको छ । र पश्चिमपटि राजकुल्लोको भाग यथावत रहेको छ । तर अदालतले नापी कार्यालयको नक्साको स्वरुप नै परिवर्तन गर्ने गरी फैसला गर्नु न्यायसंगत छैन,' यादवले भने ।

जिल्ला अदालत गौरका न्यायाधीस मनिराम न्यौपानेको फैसला उच्च अदालत वीरगंज न्यायलयका न्यायाधीसद्धय ऋषीराम निरौला र दिपेन्द्रबहादुर बमले उल्टयाउँदै घर बनाएको जग्गा सार्वजनिक कायम गरेका थिए । त्यसपछि घरधनी बबिता कुमारी यादव र श्रीमान इन्दल यादवले नक्सा अनुसार घर बनाउदा किन भत्काएको भन्ने प्रश्न गर्दै न्यायको माग गरेका छन् । यादव परिवारले यसको उच्चस्तरीय छानबिन गर्नुपर्ने, नक्सा अनुसार जग्गा कायम गर्नुपर्ने, भएको क्षतिपुर्ति पाउनुपर्ने लगायतका माग गरेका छन् ।

# 'संविधानमा आवश्यक संशोधन नगरेसम्म देश अघि बढ्दैन'

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधानमा आवश्यक संशोधन नगरीकन देश नयाँ राजनीतिक दिशामा अघि बढ्न नसक्ने बताएका छन् ।

सुनसरीको धरानमा बुधबारदेखि सुरु भएको जनता समाजवादी पार्टी, नेपालको दुईदिने प्रदेशस्तरीय प्रशिक्षक, प्रशिक्षण तालिम कार्यक्रमको अवसरमा यहाँ पत्रकारहरुसँगको अन्तरक्रियामा अध्यक्ष यादवले वर्तमान प्रदेश संरचना प्रभावकारी नभएको उल्लेख गर्दै पहिचानमा आधारित प्रादेशिक संरचना र निर्वाचन प्रणाली सुधार अब अपरिहार्य बनेको धारणा राखे ।



आगामी फागुन २१ गते नै निर्वाचन हुनुपर्ने धारणा राख्दै अध्यक्ष यादवले लोकतन्त्रलाई सुदृढ बनाउन भयमुक्त वातावरण र सुरक्षाको प्रत्याभूति राज्यले सुनिश्चित गर्नुपर्ने बताए। वर्तमान सरकारले सुशासन, समानुपातिक पहुँच र भ्रष्टाचार नियन्त्रणजस्ता जनमहत्वका मुद्दा समाधानतर्फ अघि बढ्न नसकेको उनको आरोप थियो । जेनजी आन्दोलनले उठाएका धेरै मुद्दा समाधानका चरणमा नपुगेका र यसबारे सरकार जिम्मेवार नदेखिएको उनको भनाइ थियो ।

सर्वोच्च अदालतको आदेशलाई सम्मान गर्दै चुनावी प्रक्रियालाई अविलम्ब अगाडि बढाउन सबै राजनीतिक दल एकजुट हुनुपर्ने उल्लेख गर्दै अध्यक्ष यादवले संसद् पुन:स्थापना भए पनि दिगो राजनीतिक समाधान खोज्न आवश्यक रहेको बताए ।

"जेनजी आन्दोलनपछि उठाइएका मागहरू अझै सम्बोधन हुन सकेका छैनन्, जसका कारण राजनीतिक स्थायित्व पनि कमजोर बनेको छ", उनले भने । उनले राष्ट्रिय सुविधा सेवा तथा राज्यका अङ्गमा सबै समुदायको समानुपातिक पहुँच सुनिश्चित हुनु अहिलेको प्रमुख आवश्यकता भएको बताए ।

# कांग्रेसको महाधिवेशन कार्यतालिका ल्याउन नेता गच्छदारको विशेष भूमिका

काठमाडौं । नेपाली कांग्रेसको १५ औं महाधिवेशनको सम्बन्धमा विशेष वा नियमित भन्ने छलफल करिब डेढ महिना चलेर अन्तत नियमित महाधिवेशनको तालिका सार्वजनिक भएको छ । कार्यतालिका अनुसार पौष १६ गतेबाट वडा अधिवेशन सुरु भएर पौष २६, २७ र २८ गते काठमाडौंमा कांग्रेसको महाधिवेशन हुनेछ । सोमबार बसेको केन्द्रिय समितिको बैठकले उक्त निर्णय गरेको हो । असोज २८ गतेबाट सुरु भएको केन्द्रिय समितिको बैठकमा पार्टी सभापति शेरबहादुर देउवाले उपसभापति पूर्ण बहादुर खड्कालाई कार्यवहाक सभापतिको जिम्मेवारी दिएपछि भएको बैठक तथा छलफलको लामो श्रंङ्खला चल्यो ।

२ हजार ४८८ जनाले हस्ताक्षर गरेर बुझाएपछि यो विषय झन् पेचिलो बन्यो ।



पार्टीभित्र चलेको महाधिवेशनको विषयलाई पूर्वउपसभापति समेत रहेका कांग्रेसका नेता विजय गच्छदारले टुंगोमा पुऱ्याउन महत्वपूर्ण भूमिका निभाएका छन् । "पार्टीमा देखिएको संकटलाई समाधान गर्न गच्छदार ज्यूले पहलकदमी गर्नु भएको थियो त्यो अनुसार महाधिवेशन तालिका समेत आएको छ," कांग्रेसका एक नेताले भने । कांग्रेसभित्र नेता गच्छदार लामो राजनितक अनुभव भएका नेताको रुपमा परिचित छन् । २०७२ सालमा संविधान निर्माणको क्रममा समेत तत्कालिन पार्टी सभापति तथा प्रधानमन्त्री शुसिल कोइराला, नेकपा एमालेका अध्यक्ष केपि शर्मा ओली र नेकपा माओवादीका अध्यक्ष प्रचण्डलाई समेत एक ठाँउमा ल्याएर २२ बुदें सहमति गराउन कांग्रेस नेता गच्छदारले महत्वपूर्ण भूमिका निभाएका थिए । सोही अनुरुप २०७२ असोज ३ गते नेपालले नयाँ संविधान पाएको थियो । यस पटकपनि नेता गच्छदारले पूर्व पदाधिकारी, कार्यवहाक सभापति र सभापतिसंग पुस मसान्तभित्र पार्टीको महाधिवेशन गर्नेगरि बनेको कार्यतालिका सहमत गराउन दुई महिनादेखि प्रयास गरेका थिए ।

नेता गच्छदारको सन्तुलित र परिपक्क भूमिकाले पुसको २६ गतेदेखि काठमाडौंमा हुने १५ औं महाधिवेशनको कार्यतालिका सार्वजनिक भएको कांग्रेसका नेता रामजनन चौधरीले बताए । नेता चौधरीलगायत संस्थापन पक्षका २४ जना केन्द्रिय सदस्यले पनि पुस मसान्तभित्र नियमित महाधिवेशन गर्ने पक्षमा लविङ्ग गरेका थिए सो संख्या सोमबार बसेको बैठकमा ३० जना पुगेको नेता चौधरी बताए । नेता गच्छदार कार्तिक २६ गते बसेको केन्द्रय समितिको बैठकमा सर्वसम्मत निर्णय गर्दै महाधिवेशन र आम निर्वाचनमा जादाँ एकजुट भएर सहमतिका साथ जानुपर्ने धारणा राखेका थिए । सहमतिबाट एउटै कार्यतालिका ल्याउनु पर्ने धारणा राखेका गच्छदारले सबैलाई समेट्नेगरि निर्णयमा पुग्नुपर्नेमा जोड्दिदैं आएका छन् ।

# सरकार पिच्छेको कर आतंकले मुलुकको अर्थतन्त्र ध्वस्त : साह

रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकार पिच्छेको कर आतंकले मुलुकको अर्थतन्त्र ध्वस्त भएको टिप्पणी गरेका छन् । कर आतंकले सर्वसधारणदेखी उधोगी, व्यापारी सबै आतंकित हुनुका साथै पीडित भएको उनले बताए ।

रौतहटको गौरमा आज (बिहीबार) रौतहट क्षेत्र नं. १ को क्षेत्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले सरकारको मनोमानी कर आतंकले महंगी बढेको बताएका छन् । उनले करको नाममा हरेक क्षेत्रमा सरकारले आतंक मचाएको आरोप लगाए ।

'सरकार पिच्छेको सरकारले हरेक बस्तुमा करमाथि कर लगाउने र नागरिकलाई लुटने काम गरिरहेको छ', आजपा साहले भने,




'हामीभन्दा ठुलो देश भारत र चीनमा कुनै पनि समान सस्तोमा पाउने तर नेपालमा किन त्यही समान महंगोमा पाउने ? भारतमा २ लाखमा पाउने मोटरसाईकल नेपालमा किन पाँच लाख तिर्नुपर्ने ? सरकारको करमाथि कर लगाउने, असुल्ने र राज्यको ढुकुटी सिद्धयाउने कामले महंगी बढेको हो ।' सीमावर्ती क्षेत्रका नागरिकलाई शान्ति सुरक्षा दिन असफल भएको सरकारले करछलीको नाममा निजि सम्पती लुटिरहेको उनले गम्भिर आरोप लगाए । शान्ति सुरक्षा कायम गर्न सरकार असफल भएको बताउदै उनले अहिले सबै क्षेत्रमा सरकारकारी कर आतंक मचाइएको बताए ।

'अहिले सरकारी कर आतंक मचिएको छ । हरेक बस्तुमा मनपरी कर आतंक रहेको छ । त्यसकारण उधोग, व्यापार चौपट हुने अवस्थामा पुगेको छ । सर्वसधारणले उपभोग गर्ने बस्तुहरु कर आतंककै कारण महंगो भएको छ,' आजपा अध्यक्ष साहले भने, 'गाउँ शहरदेखी सिमावर्ती क्षेत्रका सर्वसधारण नागरिक कर आतंकले पीडित भएका छन ।'

भेलाबाट उमाशंकर साहको नेतृत्वमा १ सय ५१ सदस्यीय निर्वाचन परिचालन समिति समेत गठन भएको छ ।

## सम्पादकीय

# भ्रष्टाचार र बेथिति कसरी निर्मूल होला ?

भ्रष्टाचार चरमोत्कर्षमा पुगेको कुरालाई समय समयमा बुद्धिजीवीहरुले लेखमार्फत भ्रष्टाचारका विभिन्न घटनालाई औंल्याउँदै आउँदा पनि सरकारको कुनै चासो नदेखिदा यसले हरेक क्षेत्रलाई प्रभावित गर्दै देशमा तीनै तहमा आर्थिक अनियमितताको बजार नै देखापर्‍यो । हत्या, हिंसा, व्यभिचार, दुराचार, बालिका बलात्कार र हत्या, एसिड छ्याप्ने जघन्य अपराध, हरेक वस्तुको कालाबजारी, महँगी, वस्तुको कृत्रिम अभाव आदि अनेक जनविरोधी घटनाहरुबाट राजनीतिक अराजकतामा जनताले लामो समयदेखि सरकारको अनुभूति गर्न सकेको छैन ।

ठूला साना व्यवसाय सबै ठप्प भएको, भोकमरीको भयावह अवस्थामा बैंकको कडा ताकेता, परिवार पाल्न धौंधौ रहेको अवस्थामा महँगाईको मार, शिक्षा, स्वास्थ्यको झेल्नु पर्ने आदि अनेकन समस्यामा परेको जनताले सरकारबाट कुनै राहत नपाएर जन असन्तोष बढ्नु स्वाभाविक हो । देशभरिका प्रशासनिक निकायलाई गाथगादी ताक्ने अराष्ट्रिय तत्व पुनरुत्थानवादीलाई नियन्त्रण गर्न उर्दी समेत जारी गरेको छ । वजीरले पनि जनतालाई “जति भोक लागे पनि गोबर नखाउ, बरु २२औं शताब्दिमा राहुल साँकृत्यायनले कल्पना गरेको विभेदरहित संसार एउटै परिवार हुने कालसम्म पर्ख” भनेर अर्ती उपदेश दिएका छन् । एउटा दिवालमा टाउको ठोक्किए मानिस विपरीत दिशातिर जानु स्वाभाविक हो । एउटाले गरेन, अर्कोले गर्छ कि ? भन्ने विश्वास लिएर आन्दोलन जागेको हो ।

यी बूढा पार्टीहरुले ती दुईवटै दर्शन त कण्ठस्थ गर्न सकेन तर कसैले नसिकाएको स्वार्थवादको दर्शन भने आद्योपान्तयाद रह्यो । कमाएर परिवारको पेट पाल्ने गरिब निमुखा जनतालाई सामन्तवाद, समाजवाद, साम्यवादसँग के मतलव ? उसको सरोकारको वस्तु होइन । सरकारको निकम्मापनबाट अवसरविहीन अवस्थामा रहेको जनतालाई अहिले रोजगारी चाहिएको छ । होइन भने राहतको आवश्यकता छ । भोकै पेट भएका असन्तुष्ट जमातले कुनै दर्शन बुझ्दैन । प्रगतिशील दर्शन शास्त्रीहरुले जनताको दुःख बुझेन भने वैकल्पिक शक्तिलाई गुहार लगाउनु स्वाभाविक हो । त्यही गुहार आन्दोलनको रुपमा प्रस्फुटित भएको हो ।

तर धरातलीय यथार्थ फरक छ । समस्याको चरम अवस्थामा मानिसलाई मृत्युबाहेक अब कुनै विकल्प देखिएको छैन । भोकमरीमा परि आत्महत्या गर्ने क्रम जारी रहँदा पनि जिम्मेवार पक्षमा मानवताको कुनै संकेत देखिएन । भोकभोकै मर्न दिन्न भनेर दिनहुँ स्याल कराएको त सुनिन्छ तर मर्ने क्रम रोकिएको छैन । समाजमा उदाहरणका लागि बचेका मानवतावादी, समाजसेवीहरुले भोकभोकै रहेका नेपाली नागरिकलाई टुँडिखेलमा भात खुवाउँदा शहंशाहको इज्जत जाने डरले ती सबै भोका नाँङ्गा लखेटिएका छन् ।

देशका बुद्धिजीवीहरुले सरकार दायित्वविहीन भएर देशमा अनैतिक प्रवृति शासन प्रणालीमा हावी भएको, राजनीतिक अराजकता बढिरहेको आदि कुरा गर्दा “हाथी चले बजार कुत्ता लगे हजार” जस्तै सरकारले कुनै वास्ता नगरि हिंडेपछि जेन्जी आन्दोलन भएको थियो । नेपाली जनताले भ्रष्टाचार नेपालको प्रमुख समस्या हो भनेका छन् । राष्ट्रपति र प्रधानमन्त्रीकै संरक्षणमा भ्रष्टाचार बढेको ५०% जनताको मत रहेको छ । ४३% जनताले साँसद र सरकारी अधिकारी तथा स्थानीय अधिकारी भ्रष्ट रहेको भनेका छन् । भ्रष्टाचार सम्बन्धी विभिन्न प्रकरणका आरोपित व्यक्तिको सार्वजनिक गम्भीर प्रश्न उठाएको छ । विगतमा पनि ट्रान्सपेरेन्सी इन्टरनेशनलले साँसद, कर्मचारी, मन्त्री, न्यायालय, सुरक्षा प्रहरी, सेना लगायतको प्रतिशत तोकेरै भ्रष्टाचारको प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यो बेला पनि केपी शर्मा ओली नै प्रधानमन्त्री थिए ।

प्रधानमन्त्रीका कारण नेपालको मान प्रतिष्ठा विश्वभरमा बदनाम भएको कुरा चारैतिरबाट उठ्दा केपी शर्मा ओलीले यो मिथ्या आरोप लगाइएको प्रतिक्रिया दिएका थिए । अहंकारको अगाडी दुर्योधनलाई पनि आफ्नो विनाश देखिएको थिएन । केपी शर्मा ओलीले त्यही अवस्था प्राप्त गरेको छ । आफूलाई शक्तिकेन्द्रको रुपमा स्थापित गर्ने प्रयास, स्वेच्छाचारी निरंकूश शासकको रुपमा रुपान्तरण गर्ने चाहनाले यत्रतत्र समस्याहरु देखिन थालियो ।

# प्रधानमन्त्रीलाई जसपा नेपालको २३बुँदे माग

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले संविधान संशोधनदेखि लिएर किसानलाई सहुलियत ऋण उपलब्ध गराउनुपर्ने मागसहित प्रधानमन्त्रीलाई २३सूत्रीय ज्ञापनपत्र बुझाएको छ। पार्टीले जिल्ला समितिहरूको नेतृत्वमा प्रमुख जिल्ला अधिकारीमार्फत उक्त ज्ञापनपत्र प्रधानमन्त्रीसमक्ष पठाएको हो।

जसपा नेपालले विगतदेखि उठाउँदै आएको संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था, पूर्ण समानुपातिक संसद्, प्रदेशलाई अधिकार सम्पन्न बनाउने,



मधेशका जनताको हक-अधिकार सुनिश्चित गर्ने लगायतका मागहरूलाई ज्ञापनपत्रमा समेटिएको छ। यसैका साथै कृषकलाई सहुलियत ऋण, सिंचाइ सुविधा, मल-बीउको सहज उपलब्धता, रोजगारी सिर्जना र जनजीविकासँग सम्बन्धित माग समेत अघि सारिएको छ।

पार्टीले यसअघि घोषणा गरेको एकमहिने आन्दोलनको कार्यक्रमअनुसार आज पहिलो दिन देशभरका सबै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको जनाएको छ।

सोहीअनुसार धनुषा जिल्लामा जसपा नेपाल धनुषाका अध्यक्ष पशुपति यादवको नेतृत्वमा केन्द्रीय, प्रदेश तथा स्थानीय स्तरका पदाधिकारी तथा प्रतिनिधिहरू जिल्ला प्रशासन कार्यालय जनकपुर पुगेका थिए।

टोलीले प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलमार्फत प्रधानमन्त्रीका नाममा ज्ञापनपत्र बुझाएको हो। उक्त कार्यक्रममा जसपा नेपालका केन्द्रीय सदस्य राम आशीष यादव, मधेश प्रदेशका पूर्व सांसद शैलेन्द्र यादव, युवा नेता दिपु कापडी लगायतका नेताहरूको सहभागिता रहेको थियो।

ज्ञापनपत्र बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष यादवले संविधान संशोधन र जनजी आन्दोलनले उठाएका मागहरू तत्काल सम्बोधन गर्न सरकारलाई दबाब दिन ज्ञापनपत्र बुझाइएको बताए। उनले सरकार गम्भीर नभए अगाडि अझ कडा आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनीसमेत दिए।

जसपा नेपालले उठाएका प्रमुख मागहरु :

१. संविधन संशोधन अथवा पुनरर्लेखन गरी राष्ट्रिय समास्याहरूको समाधान गरी मुलुकलाई निकास दिनुका साथै राष्ट्रिय/जातीय पहिचान झल्कने गरी राज्य पुनर्सरचना उच्च स्तरीय आयोगको सुझाव प्रतिवेदन २०६८ को आधारमा (१०+१) हुने गरी राज्यको पुनः पुनर्संरचना गरिनुपर्दछ ।

२. सङ्घीय प्रणालीको सिद्धान्तका आधारमा प्रदेशहरूलाई स्वायत्त र अधिकार सम्पन्न बनाइनुपर्दछ । प्रदेशलाई प्रदेशमा स्वशासन (Self–Rule) र सङ्घमा साझेदारी ( Shared–Rule) प्रणालिको व्यवस्था गरिनुपर्दछ ।

३. जनसङ्ख्याका आधारमा प्रतिनिधित्व लोकतन्त्रका मूल आधार हुन् । समान जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुने व्यवस्था गर्न संसदीय/प्रादेशिक निर्वाचन क्षेत्र पुनर्निर्धारण गरिनुपर्दछ । भौगोलिक रूपमा अत्यन्त विकट रहेको हिमाली क्षेत्रको न्यायोचित प्रतिनिधित्व सुनिश्चत गरिनुपर्दछ ।

४. दलित र महिलाहरूका लागि न्यायोचित प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गराउन उनीहरूका लागि छुट्टै आरक्षित संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको व्यवस्था हुनुपर्दछ ।

५. जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालिको व्यवस्था र समानुपातिक समावेशी प्रतिनिधित्व हुने संसदको व्यवस्था गरिनुपर्दछ ।

६. पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरिनुपर्दछ ।

७. राष्ट्रिय सभालाई प्रादेशिक जनसङ्ख्याको नाधारमा समानुपातिक समावेशी हुने गरी House of Nationalities बनाइनुपर्दछ ।

८. स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकार अन्तर्गत राखिनुपर्दछ र स्थानीय तहको निर्वाचन गैर-दलिय आधारमा गरिने व्यवस्था हुनुपर्दछ ।

९. आर्थिक, सामाजिक र राजनीतिक रूपले बन्चितिकरण तथा बहिष्करणमा पारिएका वा परेका सीमान्तकृत समुदायहरू मधेशी, आदिवासी जनजाती, बारू, खस, दलित, पीछडावर्ग, महिला, मुस्लिमलगायत अन्य अल्पसङ्ख्यक समुदायहरूको राष्ट्रिय पहिचानका साथै बिना भेदभाव राज्यद्वारा प्रदान गरिने सेवा-सुविधा, अवसर, साधन-स्रोत, सत्ता र शक्तिको पहुंचमा समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गराइनुपर्दछ ।

१०. नेपालका आदिवासीहरूलाई United Nations Declaration on the Rights of Indigenous People (UNDRIP), २००७ र आदिवासी जनजाती सम्बन्धी महासन्धि नं. १६९ अर्थात् आदिवासी जनजाती सम्बन्धी ILO-१६९ मा उल्लेखित अधिकारहरूको प्रत्याभूति गराइनुपर्दछ ।

११. जेन जी (युवा पुस्ता) ले आन्दोलनका दौरान उठाएका न्यायोचित माग र मुद्दाहरूलाई सरकारने सम्बोधन गर्नुपर्दछ। जेन जी विद्रोहलाई दवाउन सरकारले गरेको दमनका कारण, भए गरेका हिंसा, हत्या, जागजनी विध्वंश जस्ता क्रियाकलापहरूको छानवीन गरी कसूर ठहरेकालाई कानून वमोजिम कारवाही गरिनुपर्दछ । भ्रष्टाचार नियन्त्रण, सुभानन पारदर्शीताको प्रत्याभूति गराइनुपर्दछ। सरकारमा रहेर विगतमा भए गरेका सम्पूर्ण भ्रष्टाचारहरु, भ्रष्टाचारसंग सम्बन्धित् विभिन्न काण्डहरूउपर छानवीन गरी भ्रष्टाचारीहरूलाई कानूनबमोजिम कारबाही गरिनुपर्दछ ।

१२. शिक्षा र स्वास्थ्य सेवामा भइरहेको माफियाकरण र व्यापारीकरणको अन्त्य गरी सबैका लागि समान एवं व्यवसायीक गुणात्मक शिक्षा, स्वास्थ सेवा र रोजगारीको जिम्मेवारी राज्यलेनै लिनु पर्ने व्यवस्था गरिनुपर्दछ। सरकारले अत्यन्त गरिब एवं विपन्न वर्ग तथा लोपोन्मुख सीमान्तकृत दलित र महिलाहरूका लागि निःशुल्क शिक्षा, प्राविधिक तालिम र रोजगारीको व्यवस्था गरिनुपर्दछ ।

१३. विगतका आन्दोलनको बेना गठन गरिएका न्यायिक छानवीन आयोगहरूको प्रतिवेदन सार्वजनिक गरिनुपर्दछ ।

१४. नेपाल सरकारले गर्ने राजनीतिक नियुक्तिहरूमा भागवण्डाको अन्त्य गरी योग्यता, क्षमता, अनुभव र योगदानको आधारमा समानुपातिक समावेशी हुने गरी नियुक्ति गरिने व्यवस्था गरिनुपर्दछ ।

१५. गरीब, असहाय, भूमिहीन, सुकुमवासी, किसान र मजदूरहरूको समस्याको समाधान गरिनुपर्दछ । वास्तविक सुकुमबासीहरुको पहिचान गरी उनिहरुलाई आफ्नै जिल्लामा व्यवस्थापन गरिनुपर्दछ ।

१६. सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कामकाजी भाषा र शिक्षण माध्यम भाषाको रूपमा बहुभाषिक नीतिको कार्यान्वयन गरिनुपर्दछ ।

१७. राष्ट्रिय युवा नीति निर्माण र त्यसको कार्यान्वयन गर्न युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई पूँजी र तालिमको व्यवस्था सरकारले गर्नुपर्दछ । बेरोजगार युवाहरूको लागि रोजगारको व्यवस्था सरकारले गर्नुपर्दछ र रोजगार व्यवस्था नहुन्जेलसम्म बेरोजगारी भत्ताको व्यवस्था हुनुपर्दछ ।

१८. प्रदेशहरूका लागि प्रहरी तथा कर्मचारीहरूको समायोजन गरी प्रदेश प्रहरी, प्रदेश कर्मचारी, प्रदेश कानून लागायतको व्यवस्था तत्काल गरिनुपर्दछ ।

१९. संघ, प्रदेश र स्थानीय तहमा जनसङ्ख्या र मानव विकासको सूचकाइक मापदण्डका आधारमा विकास सम्बन्धी बजेट, जनशक्ति र अवसर तथा साधन स्रोतको न्यायोचित वितरणको व्यवस्था गरिनुपर्दछ ।

२०. सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, समावेशी लोकतन्त्र र सामाजिक न्यालाई कार्यान्वयनलगायतका कार्य गर्नका लागि आवश्यक कानूनको निर्माण गरिनुपर्दछ ।

२१. वैज्ञानिक भू-उपयोग नीति लागु गरी कृषि क्रान्तिको माध्यमबाट कृषिको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरण गरी कृषिमा निर्भर गरिब जनताको जीवनस्तरमा सुधार गरी मुलुकलाई विकास, समृद्धि र समुन्नत बनाउन ठोस नीति, कार्यक्रम र योजना निर्माण गरी कार्यान्वयन गरिनुपर्दछ ।

२२. किसानहरूलाई सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउने, सिंचाई, मल खाद, बिऊ-विजन, किट्लाषक औषधी र कृषि बजारको व्यवस्था गरिनुपर्दछ ।

२३. देशलाई औद्योगिकीकरण गरी गरिबी, बेरोजगारी र पछ्यौटेपनलाई अन्त्य गर्न उद्योग, कलकारखाना लगायतका उत्पादन क्षेशहरूमा राष्ट्रिय र वैदेशिक पूँजी तथा प्रविधि ल्याउन ।

# 'चुनावमार्फत नै संविधान संशोधन र कार्यान्वयनका बाँकी कामहरू टुंगो लगाउनुपर्छ'

चुनावबाहेक अर्को विकल्प छैन। संविधानलाई 'डिरेल' (बाटो बिराउन) खोजिएको थियो। अब यसलाई ट्र्याकमा ल्याउनुपर्छ। चुनावमार्फत नै संविधान संशोधन र कार्यान्वयनका बाँकी कामहरू टुङ्गो लगाउनुपर्छ। सबै दल बसेर संविधान संशोधन के-केमा गर्ने हो, पहिले नै सहमति गरेर चुनावमा जाँदा राम्रो हुन्छ।



**हरिबोल गजुरेल**
**नेता, नेपाली कम्युनिस्ट पार्टी**

**० धनगढी र दाङमा तपाईंको पार्टीले एकता सन्देश सभा गरिसकेको छ। विराटनगरको कार्यक्रमको तयारीमा हुनुहुन्छ। कार्यक्रमको मुख्य उद्देश्य के हो ?**

– यो कार्यक्रमको मुख्य उद्देश्य एकताको सन्देश दिनु हो। कार्यकर्ता र जनतामा एउटा स्पष्ट विचार सम्प्रेषण गर्न, यसको आवश्यकता, महत्त्व र औचित्य प्रस्ट पार्न तथा शक्ति निर्माणका लागि यो अभियान चलाइएको हो। यो विशेष रूपमा संगठन निर्माण र एकताको भाव सम्प्रेषणसँग सम्बन्धित छ।

**० विराटनगरको सभाले कस्तो सन्देश देला ?**

– काठमाडौँबाट निस्कँदा हामी अलि कम आशावादी थियौँ, तर उदयपुर, सुनसरी, झापा र मोरङका साथीहरूसँग भेट्दा र यहाँको उत्साह देख्दा आशा बढेको छ। साथीहरूले ५०० को ठाउँमा १००० मान्छे ल्याउँछु भनिरहनुभएको छ। यो सभाले तल्लो तह (वडा र पालिका) का पदाधिकारीहरूलाई अनिवार्य उपस्थित गराएर प्रशिक्षणको काम पनि गर्नेछ। यो एउटा शक्ति प्रदर्शनमात्र नभएर वैचारिक स्पष्टताको थलो पनि हुनेछ।

**० तपाईंहरूको कार्यक्रममा मञ्च व्यवस्थापन भऽगोल देखिने गरेको छ। १५-२० जना नेताको नाम त पत्रकार सम्मेलनमै लिनुभयो। संयोजक प्रचण्डले अस्ति १८-१९ वटा घटक भन्नुभएको थियो। मञ्चको व्यवस्थापन कसरी गर्नुहुन्छ ?**

– केन्द्रबाट आउने घटकका केन्द्रीय नेताहरूलाई बोल्नका लागि छोटो-छोटो समय दिइनेछ। मञ्चमा सम्बन्धित प्रदेशका घटक दलका कोही हुनुहुन्छ भने उहाँहरू बस्नुहुन्छ। यदि कोही हुनुहुन्न भने प्रदेशबाट प्रतिनिधित्व गराउने कुरा हुन्छ, तर त्यहाँ पुरानो, ठुलो दल वा सानो दल भनेर 'जुनियर' वा 'सिनियर' को विभेद गरिँदैन।

**० कार्यक्रमकै सन्दर्भमा नेता गोपाल किराँतीले असन्तुष्टि व्यक्त गर्दै स्टाटस लेख्नुभएको थियो। मञ्च व्यवस्थापन र सम्बोधनमा अलिकति भऽगोल भयो, ठुला दलको दम्भ देखियो भन्ने गुनासो छ। के पार्टीभित्र व्यवस्थापनको पाटो कमजोर भएको हो ?**

– हेर्नुस्, जो सबभन्दा ठुलो पार्टी हो, ऊ नै विनम्र हुनुपर्छ। हाम्रोमा त्यो भइरहेको छैन। अस्ति भृकुटीमण्डपमा १९ गते घोषणा सभा हुँदा गोपाल किराँतीलाई पछाडि तेस्रो लहरमा राखिएको रहेछ। म सिनियर भएको नाताले उहाँलाई अगाडि बोलाएर लाइनमा राखेँ। सबै घटक दलका नेताहरूलाई अगाडि राख्नुपर्छ। त्यहाँ ठुलो पार्टीको ठुलो नेता भनेर घचक्क गएर बस्दिने प्रवृत्ति देखियो, जुन विनम्रता भएन। परिवर्तनकारी आन्दोलनको स्प्रिटलाई ध्यान दिनुपर्छ। मुख्य कुरा विचार र आचरण हो। हाम्रो बहस कार्यशैली र आचरणमा मात्रै घुमिरहेको छ, जुन बेकार कुरा हो। विचार क्रान्तिकारी र समाजवादी हुनुपर्‍यो, विचार ठिक भएपछि कार्यशैली स्वतः ठिक हुन्छ।

**० विराटनगरको कार्यक्रममा कति मानिस आउने आकलन गर्नुभएको छ ?**

– हामीले १० हजारको लक्ष्य राखेका छौँ। १० हजारभन्दा बढी पनि हुन सक्छ। दाङ र धनगढीमा जस्तै मानिसहरू आउन सक्छन्, तर हाम्रो मुख्य व्यवस्थापन १० हजारका लागि हो।

**० धेरै घटक छन्, नेता धेरै छन्। बोल्ने क्रम र मर्यादाक्रम कसरी मिलाउनुहुन्छ ?**

– हामीले त्यस्तो पैसा उठाउने वा रसिद काट्ने काम गरेका छैनौँ। पेट्रोलको कुपन बाँड्ने काम पनि भएको छैन। मान्छे जम्मा गर्न गाडीलाई तेल दिने वा बाइकलाई कुपन दिने भन्ने हाम्रोमा छैन। साथीहरूले आ-आफ्नो हिसाबले व्यवस्थापन गरेर आउँदै हुनुहुन्छ। क्रमबद्धताको विषयमा मैले पनि सल्लाह गर्नुपर्नेछ। संयोजक र सहसंयोजक त भइहाल्नुभयो। वरिष्ठ नेता झलनाथ खनाल पनि हुनुहुन्छ। अरूको हकमा के गर्ने ! अल्फाबेटिकल (वर्णानुक्रम) जाने कि अरु कुनै मापदण्ड बनाउने भन्नेमा छलफल गर्नुपर्छ। अहिले नै कुनै मापदण्ड बनेको छैन, तर अहिले तीन जना (अध्यक्ष, संयोजक र वरिष्ठ नेता)कोमात्रै प्रमुख हैसियत भएकाले विवाद खासै हुँदैन। अरूको हकमा सल्लाह गरेर मिलाउँछौँ।

**० अध्यक्ष प्रचण्डले अघिल्लो कार्यक्रममा धनगढीमा राम्रै पैसा पेलेका थियौँ, यसपालि पैसा पेल्नु परेन भन्नुभयो। कोशीमा चाहिँ कति पैसा दिनुभयो ?**

– अहिले केन्द्रीय कार्यालय नै जलेको ( अव्यवस्थित/संसाधनविहीन) अवस्थामा छ। नेताहरूको निवासमै समस्या छ। यस्तो बेलामा पैसाको अपेक्षा कसैले गर्दैन र माग्नु पनि ठिक हुँदैन। अलिअलि भएको पैसा सकिहाल्यो। अहिले उहाँहरूले आफैँ व्यवस्थापन गर्नुस् भनेर भन्नुभएको छ। हामीले तल्लो तहबाटै व्यवस्थापन गरिरहेका छौँ। जहाँ एकदमै गम्भीर समस्या पर्छ, त्यहाँ मात्र सहयोग गर्ने हाम्रो नीति छ।

**० कतिपय कार्यक्रममा पेट्रोलको कुपन बाँडेको, गाडीको लागि पैसा दिएको भन्ने सुनिन्छ। यतातिर त्यस्तो कुपन वा चिटको व्यवस्था छ कि छैन ?**

– हामीले त्यस्तो पैसा उठाउने वा रसिद काट्ने काम गरेका छैनौँ। पेट्रोलको कुपन बाँड्ने काम पनि भएको छैन। मान्छे जम्मा गर्न गाडीलाई तेल दिने वा बाइकलाई कुपन दिने भन्ने हाम्रोमा छैन। साथीहरूले आ-आफ्नो हिसाबले व्यवस्थापन गरेर आउँदै हुनुहुन्छ।

**० नेपाली कम्युनिस्ट पार्टी घोषणा भएदेखि आजसम्मको गतिविधिलाई हेर्दा पार्टीको गति कस्तो पाउनुभएको छ ? अलमल छ कि ऊर्जा बढेको छ ?**

– पछिल्लो समय भीम रावल र राजेन्द्र श्रेष्ठ जस्ता 'टावरिङ पर्सनालिटी' हरू जोडिएपछि एउटा ठुलो प्रभाव परेको छ। भीम रावल एक राष्ट्रवादी र इमानदार छवि भएका नेता हुनुहुन्छ, जसले हिजो ओलीसँग टक्कर लिनुभयो। राजेन्द्र श्रेष्ठको पनि लामो पृष्ठभूमि छ। उहाँहरू आउँदा पार्टीको 'इमेज' सुध्रिएको छ। अशोक राई पनि आइदिनुभएको भए अझ राम्रो हुन्थ्यो। समग्रमा, अहिले कम्युनिस्ट आन्दोलनको मूल धारा र समाजवादी क्रान्तिको दिशामा पार्टी अगाडि बढिरहेको छ भन्ने स्पष्ट सङ्केत मिलेको छ। म उत्साहित छु।

**० एमाले अध्यक्ष केपी शर्मा ओलीले केही समय अगाडि तपाईंहरूको मोर्चालाई वृद्धाश्रम जस्तो क्लब भन्नुभएको थियो। धेरै पुराना नेताहरूको जमघटले मात्रै आगामी चुनाव जित्न सकिन्छ र ?**

– यो क्लब होइन, यो राजनीतिक ध्रुवीकरण हो। इतिहास हेर्नुस्, ०४६ सालपछि ध्रुवीकरण हुँदा प्रजातन्त्र आयो। त्यसपछि मदन भण्डारी र मनमोहनको नेतृत्वमा ध्रुवीकरण हुँदा पहिलो कम्युनिस्ट सरकार बन्यो। अहिलेको यो अर्को ध्रुवीकरण हो। यहाँ 'रूपान्तरण' मुख्य कुरा हो। जो साथीहरू आउनुभयो, उहाँहरूमा रूपान्तरण देखिएको छ। तर, केपी ओलीजी आफैँ सबभन्दा वृद्ध र रोगी हुनुहुन्छ, उहाँले त 'म पहिला हट्छु, तिमीहरू किन नहटेको ?' भन्नुपर्ने हो। उहाँ आफैँ अध्यक्ष हुन मरिहत्ते गर्ने अनि अरूलाई वृद्धाश्रम भन्ने ? यो मिल्ने कुरा होइन।

**० प्रसंग बदलौँ। अब देश चुनावतिरै गयो भन्ने बुझ्दा हुन्छ ?**

– हो, देश चुनावतिरै गइरहेको छ। चुनावबाहेक अर्को विकल्प छैन। संविधानलाई 'डिरेल' (बाटो बिराउन) खोजिएको थियो। अब यसलाई ट्र्याकमा ल्याउनुपर्छ। चुनावमार्फत नै संविधान संशोधन र कार्यान्वयनका बाँकी कामहरू टुङ्गो लगाउनुपर्छ। सबै दल बसेर संविधान संशोधन के-केमा गर्ने हो, पहिले नै सहमति गरेर चुनावमा जाँदा राम्रो हुन्छ।

**० तपाईं लामो समयदेखि कोशी प्रदेशमै रहेर जिम्मेवारी पूरा गरिरहनु भएको छ। आगामी चुनावमा कोशी प्रदेशको कुनै क्षेत्रबाट उम्मेदवार बन्ने योजना छ कि ?**

– मैले अस्तिको एउटा अन्तर्वार्तामा पनि भनेको थिएँ– अहिलेका प्रधानमन्त्री, मन्त्री भइसकेका र सांसद भइसकेका पुराना नेताहरू कोही पनि चुनाव नलड्दा राम्रो हुन्छ। यसले जनतामा राम्रो सन्देश जान्छ। नयाँ अनुहारलाई अगाडि सार्नुपर्छ। त्यसो हुने हो भने बहुसङ्ख्यक मानिस खुसी हुन्छन्। हाम्रो मत १० प्रतिशत त्यतिकै बढ्छ। त्यसबारण अब युवाहरूलाई अवसर दिनुपर्छ। तर, यदि पार्टीले मलाई उठ्नै पर्छ भनेर कर गर्‍यो र मेरो आवश्यकता नै देखियो भने मलाई 'सबभन्दा कमजोर' ठानिएको निर्वाचन क्षेत्र दिनुस् भनेको छु। जहाँ जित्न गाह्रो छ, त्यहाँ गएर लड्न म तयार छु। ०६४ सालमा पनि मैले त्यसै गरेको थिएँ, तर मेरो पहिलो रोजाइ चुनाव नलड्ने र नयाँलाई अवसर दिने नै हो।

**० नेपाली कम्युनिस्ट पार्टीको केन्द्रीय समितिचाहिँ कति सदस्य हुन्छ ? ४ हजारसम्म बनाउने कुरा आइरहेको छ नि ?**

– एकता प्रक्रिया तीव्र गतिमा अघि बढिरहेको छ। केन्द्रीय समिति करिब ६०१ सदस्यीय हुने कुरा छ। सचिवालय गठन गर्न बाँकी छ। ६ महिनाभित्र महाधिवेशन गर्ने भनिएको छ। त्यसअघि राष्ट्रिय भेलाहरू गरेर कार्यकर्ता परिचालन गर्ने योजना छ। *-रातोपाटीबाट*

# जेनजी हत्यारा र भ्रष्टाचारीलाई कारवाहीको माग गर्दै आजपाले घोषणा गर्यो आन्दोलन

काठमाडौं । आम जनता पार्टी (आजपा)ले जेनजी हत्यारा र भ्रष्टाचारीलाई कारबाहीको माग सहित सडक आन्दोलनमा उत्रिने निर्णय गरेको छ । आउँदो मंसिर १५ देखी पुस १५ गतेसम्म जेनजीकै अगुवाई अन्तक्रिया सहित प्रदर्शन गर्ने आजपाले जनाएको छ ।

काठमाडौंको कोटेश्वरमा बसेको आजपा केन्द्रीय कार्यालय (पदाधिकारी) बैठकले गरेको निर्णय शुक्रबार सार्वजनिक गर्दै आजपाले सडक आन्दोलनमा उत्रिने निर्णय गरेको जनाएको छ ।

'जेन जीमाथिको दमन बन्द गर्न, समातिएका जेन जीहरुलाई बिना सर्त रिहा गर्न तथा जेन जी हत्याराहरुलाई तुरुन्त कारबाही गर्न गराउन जनदबाब स्वरूप मंसिर १५ गतेदेखी पुस १५ गतेसम्म जेन जीको अगुवाईमा शहर केन्द्रित अन्तरक्रिया एवं प्रदर्शन गर्ने,' आजपा प्रवक्ता चन्द्रभुषण साहद्धारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले जेनजी आन्दोलनका माग सम्बोधन गर्न असफल भएको निष्कर्ष सहित बैठकले अन्तरिम संविधान सहित नयाँ सरकार गठनको माग गरेको छ । यस्तै, जेनजी प्रतिनिधि, राजनीतिक दल र नागरिक अगुवाहरुको संयुक्त सम्बाद सम्मेलनमार्फत ठोस संवैधानिक निकास दिनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुको ध्यानाकर्ष गराउने निर्णय बैठकले गरेको छ ।

'सुशिला कार्की नेतृत्वको वर्तमान सरकार जेन जी आन्दोलनलाई सम्बोधन गर्न असफल रहेको निचोडका साथ आगामी निकासका लागि तत्काल अन्तरिम संविधान सहित नयाँ सरकार गठन तथा जेन जी प्रतिनिधि, राजनीतिक दल र नागरिक अगुवाहरुको संयुक्त संवाद सम्मेलनमार्फत ठोस संवैधानिक निकास दिनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुको ध्यानाकर्षण गराउने,' प्रवक्ता साहले बिज्ञप्ती उल्लेख गरेका छन् ।

यसैगरी आजपाले भ्रष्टाचारीलाई खबरदारी गर्न, दलतन्त्रको भण्डाफोर गर्न तथा व्यवस्थामा सुधारका लागि जनचेतना अभिबृद्धि गर्ने उदेश्यले मंसिर मसान्त भित्र प्रत्येक निर्वाचन क्षेत्रमा क्षेत्रीय भेलाको आयोजना गरी निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको छ ।

पीडित उत्पीडितहरुको आत्मविश्वासमा अभिबृद्धि गर्न र भ्रष्टाचारीलाई खबरदारी गर्न आईटी मैत्री युवाहरुको गौरवशाली संगठन आईटी आर्मीको पुर्नगठन सहित विशेष तालिमको आयोजना गर्ने निर्णय बैठकले गरेको छ ।

आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहको अध्यक्षतामा बसेको बैठकले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि आजपाले उम्मेदवारको पहिचान, छनौट र सिफारिसका लागि सम्बन्धित कमिटीहरुलाई निर्देशन समेत दिएको छ ।

# मधेश प्रदेशको मदरसा बोर्ड विधेयकबारे राष्ट्रिय एकता अभियानको गम्भीर प्रश्न

जनकपुरधाम । मधेश प्रदेश सरकारले मदरसा शिक्षा बोर्ड गठनसम्बन्धी विधेयकलाई सैद्धान्तिक सहमति प्रदान गरी प्रदेशसभामा दर्ता गर्ने तयारी गरेको बारेमा राष्ट्रिय एकता अभियानले गम्भीर ध्यानाकर्षण गराएको छ। मुख्यमन्त्री सरोज यादव नेतृत्वको मन्त्रिपरिषद्ले गरेको निर्णयलाई अभियानले 'संवेदनशील विषय' उल्लेख गर्दै यसको सुरक्षा, सामाजिक सद्भाव र कानुनी शासनमा पर्न सक्ने प्रभावबारे प्रश्न उठाएको हो।

अभियानका मधेश प्रदेश इन्चार्ज मनिष पुर्वेले जारी गरेको विज्ञप्तिमा यो निर्णय पर्याप्त सुरक्षा मूल्यांकन, सार्वजनिक छलफल र सम्भावित जोखिमहरूको अध्ययनबिना हतारमा अघि बढाएको आरोप लगाइएको छ। विज्ञप्तिमा धार्मिक तथा शैक्षिक संस्थाहरूको दायरामा अनियमित गतिविधि, दर्ता प्रक्रियामा अपारदर्शिता, मानवस्रोत व्यवस्थापनमा कमजोर निगरानी जस्ता समस्या देखा परिरहेको उल्लेख गरिएको छ।

अभियानले यस्ता संरचनाहरूमा कमजोर नियमनले दीर्घकालीन रूपमा आन्तरिक सुरक्षा, सीमा व्यवस्थापन र जनसांख्यिकीय स्थिरतामा जोखिम बढाउन सक्ने चेतावनी दिएको छ।

अभियानका प्रमुख मागहरू

राष्ट्रिय एकता अभियानले प्रदेश सरकारसमक्ष चार मुख्य माग अघि सारेको छ–

१. विस्तृत अध्ययन र सार्वजनिक स्पष्टीकरण

मदरसा बोर्ड विधेयक तथा यससम्बन्धी सबै सरकारी निर्णयको तथ्याधारित अध्ययन, छानबिन र सार्वजनिक रूपमा स्पष्टिकरण तुरुन्त प्रस्तुत गर्न माग।

२. कडा नियमन

मदरसा, मस्जिद तथा अन्य धार्मिक/शैक्षिक संरचनाहरूको दर्ता, आर्थिक पारदर्शिता, मानवस्रोत व्यवस्थापनमा कडाइका साथ नियमन कार्यान्वयन।

३. कानुनी कारबाही

अवैध प्रवेश, कागजातविहीन बसोबास वा कानुनविपरीत गतिविधि भेटिए निष्पक्ष कानुनी कारबाही गर्न माग।

४. सुरक्षा संयन्त्र मजबुती

प्रदेश-संघ समन्वयमार्फत सीमा सुरक्षा र आन्तरिक सुरक्षा संयन्त्रलाई थप प्रभावकारी बनाउने व्यवस्था गर्न माग।

सार्वभौमिकता, स्थिरता र जिम्मेवारीमा जोड

अभियानले राष्ट्रको सार्वभौमिकता, स्थिरता र आन्तरिक सुरक्षा जस्ता संवेदनशील विषयमा राज्यका सबै निकायले दुरदर्शी, पारदर्शी र जिम्मेवार ढङ्गले काम गर्नुपर्नेमा जोड दिएको छ।

राष्ट्रिय एकता अभियानले नागरिकहरूलाई शान्तिपूर्ण, संवैधानिक र तथ्यमा आधारित छलफल तथा जनजागरणमा सहभागी हुन अपिल पनि गरेको छ।

# नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक अधिकारी पक्राउको अभियानद्वारा स्वागत



काठमाडौं । नेपाल नागरिक उड्डयन प्राधिकरण (ऋबब्ल) का महानिर्देशक प्रदीप अधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग (CIAA) ले पक्राउ गरेपछि राष्ट्रिय एकता अभियानले सो कदमलाई "सुशासन र जवाफदेहिता स्थापनातर्फको ऐतिहासिक पहल" भनेर स्वागत गरेको छ।

अभियानका केन्द्रीय अध्यक्ष विनय यादवका अनुसार यो पक्राउले देशमा जरा गाडिरहेको दण्डहीनताको संस्कृतिविरुद्ध महत्वपूर्ण सन्देश दिएको छ। सार्वजनिक पदमा बसेका व्यक्तिहरू कानुनभन्दा माथि छैनन् भन्ने ध्वनि पहिलोपटक स्पष्ट रूपमा स्थापित भएको उनको भनाइ छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अनियमिततामा 'मुख्य जिम्मेवार'

राष्ट्रिय एकता अभियानले विगत लामो समयदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको अर्बौं रुपैयाँको आर्थिक अनियमितता र त्यसले देशको हवाई सुरक्षा, पर्यटन सम्भावना र राष्ट्रिय गौरवमाथि पारेको असरबारे व्यापक रूपमा आवाज उठाउँदै आएको थियो।

अभियानले महानिर्देशक प्रदीप अधिकारीलाई उक्त अनियमितताका प्रमुख जिम्मेवारका रूपमा चिनाउँदै विभिन्न चरणमा विरोध कार्यक्रम सञ्चालन गरेको थियो।

धर्नादेखि मन्त्री तथा सीडीओलाई ज्ञापन

अभियानले पोखरा र काठमाडौँमा शान्तिपूर्ण धर्ना, विरोध प्रदर्शनदेखि लिएर तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै निष्पक्ष छानबिन र अधिकारीको निलम्बनको माग गर्दै आएको थियो।

अनियमितताका तथ्य सार्वजनिक गर्न अभियानले देशभरका सञ्चार माध्यममा निरन्तर वैचारिक हस्तक्षेप पनि गरेको थियो।

'यो केवल प्रारम्भिक कदम मात्र'

अध्यक्ष यादवले महानिर्देशक अधिकारीको गिरफ्तारीलाई 'जनताको अपेक्षाको आंशिक सफलता' भनेका छन्।

अभियानले अख्तियारलाई निष्पक्ष र दबावरहित ढङ्गले छानबिन अघि बढाउन आग्रह गर्दै सो प्रकरणमा संलग्न अन्य उच्च पदस्थ कर्मचारी, राजनीतिक नेतृत्व र ठेकेदार कम्पनीहरूलाई समेत छानबिनको दायरामा ल्याउन माग गरेको छ।

अभियानले भ्रष्टाचारबाट आर्जित सम्पत्ति फिर्ता गराउने, सम्पत्ति शुद्धीकरण सम्बन्धी गहिरो अनुसन्धान गर्ने र भविष्यमा सार्वजनिक पदाधिकारीहरूको नियुक्तिमा उच्च नैतिक मापदण्ड कायम गर्न सरकारसँग आग्रह गरेको छ।

'सङ्घीय हिन्दू गणतन्त्र' को परिकल्पनासँग जोडिएको अपेक्षा

अध्यक्ष यादवले राष्ट्रभक्तिपूर्ण 'सङ्घीय हिन्दू गणतन्त्र' को विचारले परिकल्पना गरेको भ्रष्टाचारमुक्त राष्ट्र निर्माणतर्फ यो पक्राउ एक महत्वपूर्ण कोसेढुङ्गा बन्ने विश्वास व्यक्त गरेका छन्।


## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका

महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
